तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बैठक संख्या : २२

आज मिति २०७५ साल जेठ ४ गतेका दिन यस तिलोत्तमा नगरपालिकामा नगर प्रमुख श्री बासुदेव घिमिरेको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी देहायबमोजिमका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

क्र.सं.	पदाधिकारीहरुको नाम थर	पद	उपस्थिति
१.	नगर प्रमुख श्री बासुदेव घिमिरे	नगर कार्यपालिका अध्यक्ष	
२.	नगर उपप्रमुख श्री जगेश्वर देवी चौधरी	नगर कार्यपालिका सदस्य	
३.	श्री सुरेन्द्र श्री विश्वकर्मा	नगर कार्यपालिका सदस्य,प्रवक्ता	
४.	श्री तामानाथ पाण्डेय	नगर कार्यपालिका सदस्य	(प्रतिनिधि)
५.	श्री दधिराम गौतम	नगर कार्यपालिका सदस्य	
६.	श्री टंक प्रसाद तिवारी	नगर कार्यपालिका सदस्य	
७.	श्री दिवाकर ढकाल	नगर कार्यपालिका सदस्य	
८.	श्री चेत नारायण भण्डारी	नगर कार्यपालिका सदस्य	
९.	श्री सुखदेव न्यौपाने	नगर कार्यपालिका सदस्य	
१०.	श्री दुर्गाप्रसाद पाण्डे	नगर कार्यपालिका सदस्य	
११.	श्री कृष्णप्रसाद पौडेल	नगर कार्यपालिका सदस्य	
१२.	श्री नारायण न्यौपाने	नगर कार्यपालिका सदस्य	
१३.	श्री व्यास मुनी थारु	नगर कार्यपालिका सदस्य	
१४.	श्री मुक्तिनारायण चौधरी थारु	नगर कार्यपालिका सदस्य	
१५.	श्री सहदेव थारु	नगर कार्यपालिका सदस्य	
१६.	श्री गणेश न्यौपाने	नगर कार्यपालिका सदस्य	
१७.	श्री सोहन प्रसाद थारु	नगर कार्यपालिका सदस्य	
१८.	श्री खेमराज गुरुङ्ग	नगर कार्यपालिका सदस्य	
१९.	श्री झविलाल भुसाल	नगर कार्यपालिका सदस्य	
२०.	श्री दान बहादुर चौधरी	नगर कार्यपालिका सदस्य	
२१.	श्री गिता कुमारी सापकोटा	नगर कार्यपालिका सदस्य	
२२.	श्री गायत्री पाण्डे	नगर कार्यपालिका सदस्य	
२३.	श्री संगिता गुरुङ	नगर कार्यपालिका सदस्य	
२४.	श्री राधा शा[illegible]	नगर कार्यपालिका सदस्य	
२५.	श्री मिरा कुमारी वि.क.	नगर कार्यपालिका सदस्य	
२६.	श्री लक्ष्मण नेपाली	नगर कार्यपालिका सदस्य	
२७.	श्री हर्क बहादुर सार्की रम्तेल	नगर कार्यपालिका सदस्य	
२८.	श्री कृष्णप्रसाद सापकोटा	नगर कार्यपालिका [redacted] सचिव	

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वैठक संख्या : २२

प्रस्तावहरु

१. नगर भित्र निर्माण हुने भवनहरुको नक्सा सम्वन्धमा ।

२. अन्तराष्ट्रिय खेल मैदान सम्वन्धमा ।

३. तिलोनमा विपद् व्यवस्थापन समिति सम्वन्धमा ।

४. तिलोत्तमा सांस्कृतिक भवन निर्माण सम्वन्धमा ।

५. तिलोत्तमाको रिङ्ग रोडको रुट सम्वन्धमा ।

६. सार्वजनिक समारोह तथा कार्यक्रम संचालन तथा व्यवस्थापन निर्देशिका सम्वन्धमा ।

७. जग्गा प्लटिङ्ग मापदण्ड सम्वन्धमा ।

८. अटो भिलेज सम्वन्धमा ।

९. व्याडमिन्टन कभर्ड हल सम्वन्धमा ।

१०. जिम्मेवारी सम्वन्धमा ।

११. सामुदायिक विद्यालयका विद्यार्थीहरुलाई दिवा खाजा सम्वन्धमा ।

१२. तिलोत्तमा नगरपालिकाको लोगो सम्वन्धमा ।

१३. छात्रवृत्ति सम्वन्धमा ।

१४. पुल तथा कल्भर्ट सम्वन्धमा ।

१५. आ. व. २०७५।०७६ को वजेट सिमा सम्वन्धमा ।

निर्णय नं. १

- नगरबासीहरुलाई नक्सा निर्माण र नक्सा पास गर्दा लाग्ने लागतलाई न्यूनीकरण गर्न, नक्सा पास प्रक्रिया सहज बनाउनको लागि नगरपालिकाको लागतमा आवश्यक संख्यामा विभिन्न ढाँचाका भवनहरुको विस्तृत ईन्जिनियरिङ्ग सहितका नक्साहरु तयार पारी उपलब्ध गराउनको लागि आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं २

- तिलोत्तमा नगरपालिका वार्ड नं १० को रोहिणी पुल भन्दा दक्षिणतर्फको स्वर्गरोहिणी देवीघाट को करिब ८ विघा सार्वजनिक जग्गामा सम्बन्धित वडा समितिबाट सिफारिस भए अनुसार अन्तराष्ट्रियस्तरको खेलमैदान निर्माण गर्न क्षेत्र निर्धाण गर्ने निर्णय गरियो ।

निर्णय नं ३

नगरपालिका भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न देहाय बमोजिमका विपद् व्यवस्थापन समितति गठन गर्ने निर्णय गरियो ।

(क) नगर प्रमुख – संयोजक
(ख) नगर उपप्रमुख –सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य
(घ) विषयगत समितिका संयोजकहरु –सदस्य
(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय –सदस्य
(च) सामाजिक महाशाखा/शाखा प्रमुख –सदस्य
(छ) पूर्वाधार विकास महाशाखा/शाखा प्रमुख –सदस्य
(ज) नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि –सदस्य
(झ) नगरपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि –सदस्य
(ञ) नगर प्रहरी प्रमुख –सदस्य
(ट) राष्ट्रिय मान्यता प्राप्त दलका नगरपालिकास्थित प्रमुख वा प्रतिनिधि –सदस्य
(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना) –सदस्य
(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको नगर तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना) –सदस्य
(ढ) गैरसरकारी संस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना) –सदस्य
(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना) –सदस्य
(त) विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको महाशाखा/शाखा प्रमुख –सदस्य सचिव

- क्रम संख्या (ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारवाही गर्नमा असर पर्ने छैन ।
- उल्लेखित समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ ।

निर्णय नं ४

- तिलोत्तमा नगरपालिका वाड नं १ र २ मा अवस्थित शंकर नगर सामुदायिक वन अन्तर्गतको वन विहार तथा अनुसन्धान केन्द्र परिसरमा रहेको करिब ८ कठ्ठा क्षेत्रफलमा तिलोत्तमा नगरपालिका र साधनाकला केन्द्र, एवं स्थानीय तथा राष्ट्रिय संघसंस्थाहरुसँगको

०७६-०२-०९

सहकार्य र संयुक्त लगानीमा आधुनिक सुविधा सम्पन्न **"तिलोत्तमा साँस्कृतिक भवन"** (नाचघर) निर्माण गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ५

- तिलोत्तमा नगरपालिका भित्रको प्रस्तावित **"तिलोत्तमा रिङ्ग रोड"** को चौडाईलाई २५ मिटर कायम गर्दै देहाय बमोजिमको रुट कायम गरी विस्तृत परियोजना प्रस्ताव तयारी गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरवार काठमाण्डौं, सडक विभाग, ववरमहल काठमाण्डौं र डिभिजन सडक कार्यालय बुटवललाई अनुरोध गर्ने निर्णय गरियो ।
- जोगीकुटी चोक- तिलोत्तमा क्याम्पस - वनबाटिका- शान्तिनगर- गौशाला - जनभावना स्कूल- करहिया सामुदायिक वन- प्रदीपनगर डाँडा - गाईघाट- मद्राहानी - पुल्चोक (भूपू सैनिक) - भुल्का चोक - रामनगर- तुकतुकिया - जनता मा.वि.- कान्छिबजार - जमुहानी - ठठहरिहवा - वीपी ग्राम- अमरहवा- दर्खसहवा- सापकोटा समिल (सिक्सलेन हाईवे) - टाईगनवान रिसोर्ट- चिलिया चौकी -रेहरा - तीन धुरा- सेमरी- पश्चिम पहुनी- गोरकट्टवा - भुगी - दश नम्वर - डिङ्गर नगर- शान्तिचोक - योगीकुटी ।

निर्णय नं. ६

- नगर प्रमुख श्री बासुदेव घिमिरेद्धारा प्रस्तुत तिलोत्तमा नगरपालिकाको **"सार्वजनिक समारोह संचालन तथा व्यवस्थापन निर्देशिका २०७५"** छलफल सहित पारित गरियो ।

निर्णय नं. ७

- मिति २०७४।१२।१४ मा तिलोत्तमा राजपत्रमा प्रकाशित **जग्गा प्लटिङ्ग मापदण्ड २०७४** लाई संशोधन गर्नको लागि देहायबमोजिमको उपसमिति गठन गर्ने निर्णय गरियो ।
- श्री चेतनारायण भण्डारी - संयोजक
- श्री नारायणप्रसाद न्यौपाने - सदस्य
- श्री सुरेन्द्र श्री - सदस्य
- श्री तामनाथ पाण्डे - सदस्य
- श्री मिरा विश्वकर्मा - सदस्य

निर्णय नं. ८

- तिलोत्तमा नगरपालिका वार्ड नं १३ र १४ मा पर्ने प्रस्तावित क्षेत्रीय बसपार्कसँग जोडिएको उपयुक्त स्थानमा **अटो भिलेज** निर्माण गर्नको लागि स्थान छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

- मिति २०७४।१२।०२ को निर्णयानुसार तिलोत्तमा वडा नं. ६ को वडा कार्यालय परिसरमा हिमाल युथ क्लबलाई ब्याडमिन्टन कवर्ड हल व्यवस्थापन गर्न भनिएकोमा उक्त क्षेत्रमा वडा कार्यालयको पार्किङ्ग व्यवस्थापन समेत गर्नु पर्ने माग भई आएकोले तहाँ रहेको मन्दिर र हुलाक कार्यालयलाई वैकल्पिक व्यवस्थापन गरी तिलोत्तमा नगरपालिका र हिमाल युथ क्लबको सह लगानीमा ब्याडमिन्टन कवर्ड हल व्यवस्थापन गर्ने निर्णय गरियो ।

075-02-06

निर्णय नं १०

नगर कार्यपालिकाका सदस्य तथा प्रवक्ता, श्री सुरेन्द्र श्रीलाई नगर प्रमुख र उपप्रमुखको प्रत्यक्ष निर्देशनमा रही नगर प्रमुखद्धारा प्रत्यायोजन गरिएको कार्यविवरणको अधिनमा रही कार्यसम्पादन गर्ने गरी जनसम्पर्क प्रतिनिधिको जिम्मेवारी दिने निर्णय गरियो ।

निर्णय नं ११

- मिति २०७५।१।८ गतेको कार्यपालिकाको निर्णयानुसार सामुदायिक विद्यालयका तोकिएका मापदण्ड अुनसारका विद्यार्थीहरुलाई दिवा खाजा र टिफिन बक्स वितरण गर्ने कार्य सुरु गर्ने निर्णय गरियो । उक्त कार्यक्रममा लाग्ने खर्च सामुदायिक विद्यालयको क्षमता अभिवृद्धि शीर्षकमा छुट्टाईएको बजेटवाट खर्च गर्ने र थप रकम आगामी आर्थिक वर्षमा व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. १२

- तिलोत्तमा नगरपालिकको स्थानीय लोगो तयार गर्नको लागि सार्वजनिक रुपमा सूचना प्रकाशित गरी छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

- Lumbini International Academy of Science and Technology Jawalkhel Lalitpur बाट यस नगरपालिका छात्रावृत्तिमा वि.ई तहको अध्ययनको लागि योग्यता पुगेका २ जना विद्यार्थीहरुलाई विपत् व्यवस्थापनमा M.E अध्ययनका लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं १४

तिलोत्तमा नगरपालिकाको वडा नं. ४ स्थित श्रृङगेश्वर मार्गमा रु.९४,०००। को लागतमा कल्भर्टको पुनर्निर्माण गर्नुको साथै ति. न. पा. को वडा नं. ९ को कपास फ्याक्ट्री जाने बाटोमा रु २,०१०००। मा पूल निर्माण गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

तिलोत्तमा नगरपालिकाको आ. व. २०७५।७६ को लागि कूल रु. १,१९,६५,७३,०००। (एक अर्ब उन्नाइस करोड पैसठ्ठी लाख त्तिहत्तर हजार रुपैया) को बजेट सिमा निर्धारण गर्ने निर्णय गरियो । साथै आर्थिक वर्ष २०७५।०७६ को लागि देहाय बमोजिमको ढाँचा निर्धारण गर्ने निर्णय गरियो ।

०७५.०२.०६

तिलोत्तमा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय, मणिग्राम रुपन्देही

आ.व. ०७५/०७६ को लागि वडाको बजेट सिलिङ

रकम रु. हजारमा

वडा नं.	संचालन खर्च							पूजिगत खर्च										जम्मा
	विविध (खाजा)	बैठक भत्ता	इन्धन	संचार इन्टरनेट समेत	पानी बिजुली महशुल	कार्यालय संचालन खर्च	जम्मा	आकस्मीक पूर्वाधार सुधार तथा मर्मत	सडक मर्मत	कल्भर्ट निर्माण	सडक कालोपत्रे	नाली तथा ढल निर्माण	बिद्युत पोल	ह्युम पाइप	सवारी साधन	टोल विकास समिति	जम्मा	
	१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८
१	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	५२००	४००	१०००	१२००	४००	४५०	२५०	५००	१०४००	११०४४
२	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	५०००	४००	१०००	११००	४००	४५०	२५०	५५०	१०१५०	१०७९४
३	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	५०००	४००	१०००	११००	४००	४५०	२५०	६००	१०२००	१०८४४
४	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	५०००	४००	१०००	११००	४००	४५०	२५०	५००	१०१००	१०७४४
५	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	५०००	४००	१०००	११००	४००	४५०	२५०	४००	१००००	१०६४४
६	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	६०००	५५०	१०००	१२००	४५०	६००	२५०	६००	११६५०	१२२९४
७	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	५३००	५५०	५००	१२००	४००	४५०	२५०	६००	१०२५०	१०८९४
८	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	५०००	६००	१०००	१२००	४००	५००	२५०	४००	१०३५०	१०९९४
९	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	५०००	५५०	१०००	११००	४००	४५०	२५०	३५०	१०१००	१०७४४
१०	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	५०००	५५०	१०००	११००	४००	४५०	२५०	४००	१०१५०	१०७९४
११	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	३०००	८००	३५००	१२००	४००	५००	२५०	६००	११२५०	११८९४
१२	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	४५००	६००	१२००	१२००	४००	४५०	२५०	४५०	१००५०	१०६९४
१३	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	५५००	६००	१०००	१२५०	४५०	५००	२५०	६००	१११५०	११७९४
१४	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	३५००	८००	३५००	१२५०	४५०	५००	२५०	६००	११८५०	१२४९४
१५	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	३०००	८००	२५००	१२००	४००	४५०	२५०	६००	१०२००	१०८४४
१६	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	२०००	८००	३५००	१२००	४००	४५०	२५०	६००	१०२००	१०८४४
१७	११५	२९६	६५	४८	५०	१५०	६४४	१०००	१०००	८००	६३००	१३००	५५०	५५०	२५०	६५०	१२३००	१२९४४
जम्मा	१९५५	३६७२	११०५	८१६	८५०	२५५०	१०९४८	१७०००	७४०००	१००००	३१०००	२००००	७०००	८१००	४२५०	९०००	१८०३५०	१९१२९८

नोटः वडा भेलाबाट छनौट गर्नूपर्ने योजना तथा कार्यक्रमहरु खर्च शिर्पक नम्बर ९ देखि १४ सम्म

तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

आय व्ययको विवरण

आ.व. ०७५।०७६

अनुसूचि १

क्र.स.	आम्दानीको श्रोत	आ.व. ०७३।०७४ को यथार्थ आय	आ.व. ०७४।०७५ को अनुमान	आ.व. ०७४।०७५ को चैत मसान्त सम्म	आ.व. ०७५।०७६ को अनुमान
आय					
	राजश्व:				
	आन्तरिक राजश्व	९९९४३८१९।५५	९४३०००००।००	८४७३२७८०।००	३१७२५००००।००
	राजश्ववाट प्राप्त बाँडफाड	४७४२१४७६।००	४५७०००००।००	२८४७४०८।००	५००००००००।००
	जम्मा	१४७३६५२९५।५५	१४००००००००।००	८७५८०१८८।००	३६७२५००००।००
	अन्य आय (गत वर्षको मौज्दात)	८७१०८४२५।७५	१९२००६६८९।९८	१९२००६६८९।९८	५००००००००।००
	जम्मा	२३४४७३७२१।३०	३३२००६६८९।९८	२७९५८६६८७७।९८	४१७२५००००।००
अन्तर सरकारी वित्तिय हस्तान्त्रण:					
	नेपाल सरकारबाट प्राप्त अनुदान:	२१८९१७६०८।००	६७४९४९०००।००	६५८९७८०००।००	७७९३२३०००।००
	जम्मा	२१८९१७६०८।००	६७४९४९०००।००	६५८९७८०००।००	७७९३२३०००।००
	आस्दानी तर्फको जम्मा	४५३३९१३२९।३०	१००६९५५६८९।९८	९३८५६४८७७।९८	११९६५७३०००।००
व्यय					
	आन्तरिक श्रोत तर्फ				
	चालू	२०६२९७३३।१२	५७४००००००।००	२२५१३९२२।९२	९२०००००००।००
	पूजिगत	४५४०३९१६।००	२५०९६९८२२।१८	७३०५१४८६।२६	३२५२५००००।००
	जम्मा	६६०३३६४९।१२	३०८३६९८२२।१८	९५५६५४०९।१८	४१७२५००००।००
	नेपाल सरकार अनूदान तर्फ				
	चालू	१२५८५०६९२।२०	१९४००००००।००	१०७६४१५५३।४०	२३१२००००००।००
	पूजिगत	६२९९६३३२।००	३२१६७९८६७।८०	९५३९७७२४।९५	३१८१२३०००।००
	शिक्षा स्वास्थ्य आर्यूवेद	०।००	१८२९०६०००।००	१४०३३८३९०।९०	२३००००००००।००
	मौज्दात बाकी	१९२००६६८९।९८	०।००	४९९५८२३०६।५५	०।००
	विशेषकोषमा ट्रान्सफर	६५०३९६६।००	०।००	३९४९३।००	०।००
	जम्मा	३८७३५७६८०।१८	६९८५८५८६७।८०	८४२९९९४६८।८०	७७९३२३०००।००
	खर्च तर्फको जम्मा	४५३३९१३२९।३०	१००६९५५६८९।९८	९३८५६४८७७।९८	११९६५७३०००।००

आ.व. ०७५।०७७	चालू खर्च तर्फ	५५३२००००।००
	पूजिगत खर्च तर्फ	६४३३७३०००।००
	जम्मा	११९६५७३०००।००
आ.व. ०७४।०७५	चालू खर्च तर्फ	४३४३०६०००।००
	पूजिगत खर्च तर्फ	५७२६४९६६८९।९८
	जम्मा	१००६९५५६८९।९८
आ.व. ०७३।०७४	चालू खर्च तर्फ	१४६४८०४२५।३२
	पूजिगत खर्च तर्फ	१०८४७०४९८।००
	जम्मा	२५४९५०९२३।३२

निर्णय नं. १६

तिलोत्तमा नगरपालिकामा संचालित सामुदायिक विद्यालयका बाल कक्षा (ECD) मा अध्ययन गर्ने बालवालिकालाई प्रति बालवालिका रु. २५ का दरले (विद्यालय संचालन भएको दिनको) खाजा बापतको रकम विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

०७८-०१-०६